# <u>बराह नगरपालिकाको आर्थिक ऐन् २०७४</u>

**प्रस्तावनाः** बराह नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २ २८ को उपधारा (२) बमोजिम  बराह नगरपालिकाको  नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि बराह नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकीकृत सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याचफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यारफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **विविध कर दस्तुरः** (१) दफा २ देखि १४ सम्म उल्लेख भएदेखि बाहेक अन्य कर वा दस्तुर अनुसूची १४ मा उल्लेखित दरमा असुल उपर गरिनेछ ।

(२) उपदफा १ मा उल्लेख भए बाहेकको शिर्षक र सो को दर राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम कार्यपालिकाले निर्णय गरेको कर दस्तुर वा शुल्क भएमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।यस्ता कर दस्तुर वा शुल्कलाइ अनुसूचीमा ब्यवस्थित गर्दै लगिनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची -१

## आर्थिक वर्ष २०७४/०७५ को लागि एकीकृत सम्पती करको विवरण

| क.सं. | विवरण | करको दर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | रु. १ देखि माथि ५ लाखसम्म | हाल मालपोत कर तथा भुमिकर असुल भइराखेकोले यस सम्बन्धी थप तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि लागु हुने। | |
| २. | रु. ५ लाख १ रुपैंयाँ देखि माथि १५ लाखसम्म | हाल मालपोत कर तथा भुमिकर असुल भइराखेकोले यस सम्बन्धी थप तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि लागु हुने। | |
| ३. | रु. १५ लाख १ रुपैयाँ देखि माथि ४० लाखसम्म | हाल मालपोत कर तथा भुमिकर असुल भइराखेकोले यस सम्बन्धी थप तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि लागु हुने। | |
| ४. | रु. ४० लाख १ रुपैयाँ देखि माथि १ करोडसम्म | हाल मालपोत कर तथा भुमिकर असुल भइराखेकोले यस सम्बन्धी थप तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि लागु हुने। | |
| ५. | रु. १ करोड १ रुपैयाँ देखि माथि ५ करोडसम्म | हाल मालपोत कर तथा भुमिकर असुल भइराखेकोले यस सम्बन्धी थप तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि लागु हुने। | |
| ६. | रु. ५ करोड १ रुपैयाँ देखि माथि जतिसुकै बढी | हाल मालपोत कर तथा भुमिकर असुल भइराखेकोले यस सम्बन्धी थप तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि लागु हुने। | |

## अनुसूची - २

## आर्थिक वर्ष २०७४/०७५ को लागि भूमि कर (मालपोत) को विवरण

| क.सं. | विवरण | करको दर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | १ धुर देखि ३ कठ्ठासम्म न्यूनतम | एकमुष्ठ रु.४०।- | |
| २. | ३ कठ्ठा देखि १० कठ्ठासम्म | प्रति कठ्ठा रु.१३।- | |
| ३. | १० कठ्ठा देखि १ बिघासम्म | प्रति कठ्ठा रु.१५।- | |
| ४. | १ बिघा देखि २ बिघासम्म | प्रति कठ्ठा रु.२०।- | |
| ५. | २ बिघा देखि ३ बिघासम्म | प्रति कठ्ठा रु.२७।- | |
| ६. | ३ बिघा देखि ५ बिघासम्म | प्रति कठ्ठा रु.३७।- | |
| ७. | ५ बिघा देखि माथि जतिसुकै बढी | प्रति कठ्ठा रु.६२।- | |

नोट :- क.) हाल सप्तकोशी नदीले चर्चेको जग्गाको हकमा प्रति कठ्ठा रु.५।- को दरले मात्र लिने निर्णय गरिएको छ।

ख.) गत विगत आ.व.को बक्यौता मालपोत यस आ.व.मा बुझाएमा सम्पुर्ण रकम यस आ.व. को लागि निर्धारित दरले नै मालपोत असुली गर्ने निर्णय गरिएको छ।

## अनुसूची - ३

## आर्थिक वर्ष २०७४/०७५ को लागि घर बहाल करको विवरण

| क.सं. | विवरण | करको दर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | बहाल भुक्तानी रकम (जतिसुकै भएपनि) | १० | |

## अनुसूची - ४

## आर्थिक वर्ष २०७४/०७५ को लागि व्यवसाय करको विवरण

क) दाल, चामल, चिनी, नुन, तेल, भुस, चोकर, मसला, चना, मटर आदी दैनिक उपभोग्य वस्तुहरु राखी बिक्री गर्ने पसलमा निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :

अ.) रु.एकलाख सम्म पुंजी भएकोलाई रु. ३००।

आ.) रु.एकलाख देखि दशलाखसम्म पुंजी भएकोलाई रु. ५००।

इ.) रु.दशलाख देखि बढी जति सुकै पुंजी भएकोलाई रु. १०००।

ख.) लुगा सिउने (टेलरिङ्ग), कपाल काट्ने (हेयर सैलुन), कपडा धुने (ड्राइ क्लिनर्स), पान पसल, भाडा बनाउने तथा बेच्ने, पान संगै अन्य किराना सामान राखी बेच्ने पसलका लागि निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :

अ.) रु.बीस हजार सम्म पुंजी भएकोलाई रु. २५०।

आ.) रु.बीस हजार भन्दा बढी पुंजी भएकोलाई रु. ४५०।

ग.) सुन चांदी सम्बन्धी व्यवसाय (ज्वेलरी) तर्फ निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :

अ.) सुन चांदी खरिद बिक्री तथा सो को गहना बनाउने तथा बेच्ने रु. १०००।

आ.) सुन चांदीका गहना बनाउने, बेच्ने र सो राखी धितो कोरावार गर्नेलाई रु. २०००।

घ.) मसलन्द, हार्डवेयर (छड, सिमेण्ट, कर्कतपाता, फलाम आदी), फलाम, स्टील, तामा, पित्तलका सामान वा भाडा, रंगरोगन, कलात्मक मूर्तिका सामान, बिजुली तथा प्लम्बिंगका सामान बिक्री गर्ने पसललाई निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :

अ.) रु.पांच लाखसम्म पुंजी भएकोलाई रु. १,०००।

आ.) रु.पांचलाख भन्दा बढी पुंजी भएकोलाई रु. २,५००।

ङ.) पेट्रोल, मोविल, डिजल, मटितेल, आइसक्रिम, जुत्ता तथा चप्पल पसल, फर्निचर पसल, मेशिनरी सामान तथा सो को पार्ट पुर्जा बिक्री गर्ने पसल, इलेक्ट्रीकल तथा इलेक्ट्रोनिक्स पसललाई निम्न अनुसार बार्षिक कर लिन निर्णय गरियो :

अ.) रु.एक लाखसम्म पुंजी भएकोलाई रु. १,०००।-

आ.) रु.एकलाख भन्दा बढी पांच लाख पुंजी भएकोलाई रु. १,५००।-

इ.) रु.पांचलाख भन्दा बढी जतिसुकै पुंजी भएकोलाई रु.२,०००।-

ई.) सवारी साधन (अटोमोवाइल, इलेक्ट्रीक) बिक्रीगर्ने शोरुमलाई रु.२,०००।-

च.) औषधि पसल, क्लीनिकका लागि निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :-

अ.) खुद्रा औषधि पसललाई रु. १,०००।

आ.) खुद्रा तथा थोक दुवै वा थोक औषधि पसललाई रु. १,५००।

इ.) मेडिकल हल क्लीनिक हल, उपचार केन्द्रलाई रु. १,५००।

छ.) भेटेरीनरी पसलहरुका लागि निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :-

अ.) खुद्रा औषधि पसललाई रु. ७००।

आ.) खुद्रा तथा थोक दुवै वा थोक औषधि पसललाई रु. १,२००।

ज.) बैंक, बित्तीय संस्थाका लागि रु.२,०००।- बार्षिक कर लिने निर्णय गरियो ।

झ) दुग्ध व्यवसाय तथा दुग्ध उद्योगका लागि रु.५००। बार्षिक कर लिने निर्णय गरियो ।

ञ.) निजी वा संस्थागत विद्यालयका लागि निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :-

अ.) आधारभुत तहको लागि रु.१,०००।-

आ.) माद्यमिक तहको लागि रु.२,०००।-

ट.) श्रेणी नखुलेका तपसिलका व्यवसायका लागि निम्न अनुसार बार्षिक कर लिने निर्णय गरियो :-

१) स्टेशनरी तथा पूस्तक पसल बार्षिक रु.४००।-

२) गृल बनाउने  बार्षिक रु.४००।-

३) अन्य फलामका सामान बनाउने  बार्षिक रु.३००।-

४) फोटो फ्रेमिङ्ग तथा फोटो स्टुडियो बार्षिक रु.२००।-

५) साइकल मर्मत गर्ने पसल  बार्षिक रु. १००।-

६) रेडियो, टि.भी.मर्मत पसल  बार्षिक रु.१००।-

७) कराही, लाल्टीन, बाल्टीन बिक्री पसल रु.२००।-

८) स्नुकर, पुल हाउस  बार्षिक रु.५००।-

९) फलफूल बिक्री पसल  बार्षिक रु.५०।-

१०) श्रृङ्गारका सामान बिक्री गर्ने पसल/ब्युटीपार्लर  बार्षिक रु.४००।-

११.) पेप्सी, कोक, फेण्टा, सोडा राखी बिक्री गर्ने पसलमा रु.१५०।-

१२.) कम्प्युटर ट्रेनिङ सेण्टर, ट्युशन सेण्टर, कोचिङ क्लास सेण्टर, ल्याङवेज सेण्टर रु.५००।-

१३.) व्यावसायिक टेलिफोन सेवा, साइबर क्याफेलाई   रु.३००।-

१४.) लुगा धुने, कपडामा आइरन लगाउने ड्राइ क्लिनर्स रु.१००।-

१५.) सिलाइ बुनाइ गर्ने कटिङ सेण्टरमा रु.१००।-

१६.) डिस एण्टिना वा अन्य उपकरण मर्मत गर्ने वा प्रदर्शन गर्नेलाई रु.१,२००।-

१७.) फोटोकपी मेशिन राखी फोटोकपि सेवा चलाउनेलाई रु.१००।-

१८.) भिडियो डेक, अडियो भिडियो क्यासेट, सि.डि. बिक्री गर्ने/भाडामा दिने   रु.१००।-

१९.)  बियर, कोक फेण्टा, मदिराको डिलरमा  रु.१,०००।-

२०.) बियर, कोक फेण्टा, मदिराको सव डिलरमा रु.५००।-

२१.) भुस, चोकर दानाको डिलरमा रु.५००।-

२२.) ग्यांस चुल्हो बिक्री तथा ग्यांस डिलरमा रु.१,०००।-

२३.) विभिन्न प्रेस/छापाखानामा रु.४००।-

२४.) मोटर साइकल वा गाडीको टायर मर्मत केन्द्रमा रु.२००।-

२५.) चक, खरी, मैनवत्ती उद्योगमा रु.१००।-

२६.) टिका, कपडा वा कागजको झोला बनाउने उद्योगमा रु.५०।-

२७.) ब्युटी पार्लरमा रु.१००।-

२८.) इटा भट्टामा प्रति चिम्नी रु.३,५००।-

२९.) सिमेण्टको रिङ्ग, पिलर, डुंड, बनाउनेलाई रु.२००।-

३०.) कत्था उद्योगलाई रु.५,०००।-

३१.) काठको मिल तथा स- मिललाई रु.२,०००।-

३२.) काठ खरिद बिक्री गर्ने बिक्री डिपोलाई रु.१,५००।-

३३.) कम्युनिकेशन, मोबाइल, पि.सि.ओ.,साइबरलाई रु.३००।-

३४.) घरसार सिफारिशमा रु.१,०००।-

३५.) कुखुरा पालन गर्ने पोल्ट्री फर्मलाई रु.२००।-

३६.) पेट्रोल, डिजल, बिक्री गर्ने पम्पलाई रु.५,०००।-

३७.) ट्राभल्स तथा मनी ट्रान्सफर सेवा अलग वा संयुक्त रुपमा सञ्चालन गर्नेलाई रु.३,०००।-

३८.) फर्निचर शो रुमलाई रु.१,०००।-

३९.) होटल तथा लज व्यवसाय रु.१,०००।-

## अनुसूची - ५

## आर्थिक वर्ष २०७४/०७५ को लागि जडिबुटी, कवाडी र जीवजन्तु करको विवरण

| क.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १. | जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसाय गर्ने देहाय बमोजिमको व्यवसायहरु | | |
| | क) ५ लाख सम्मको पूँजी भएको | ५००।- | |
| | ख) २५ लाख सम्मको पूँजी भएको | १०००।- | |
| | ग) २५ लाख भन्दा बढी | २०००।- | |

## अनुसूची - ६

## आर्थिक वर्ष २०७४/०७५ को लागि सवारी साधन करको विवरण

क.) आ.व.२०७४।७५ का लागि निम्न अनुसार सवारी साधन कर लिन निर्णय गरिएको छ :-

प्रस्तावित करको दर बार्षिक

| क.सं. | सवारी साधनको विवरण | निजी सवारी साधन | भाडाको सवारी साधन |
|---|---|---|---|
| १ | बस, ट्रक र अन्य हेभी गाडी | ६,०००।- | १०,०००।- |
| २ | मिनी बस, मिनी ट्रक | ४,०००।- | ७,५००।- |
| ३ | ट्रेक्टर | १,५००।- | २,५००।- |
| ४ | माइक्रो बस, जीप, | १,३००।- | २,०००।- |
| ५ | टेम्पो, भ्यान, कार | १,०००।- | १,५००।- |
| ६. | ठेलागाडी, रिक्सा, | | ५०।- |
| ७. | सिटी सफारी | | १,०००।- |

## अनुसूची - ७

## आर्थिक वर्ष २०७४/०७५ को लागि विज्ञापन करको विवरण

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| | | | प्रदेश कानुनद्वारा निर्धारण भए बमोजिम हुने |

## अनुसूची - ८

## आर्थिक वर्ष २०७४/०७५ को लागि मनोरन्जन करको विवरण

हाल यस शिर्षक अन्तर्गत निम्न अनुसार कर लिने निर्णय गरिएको छ :-

| क्र.सं. | विवरण | ७ दिन सम्मको लागि | ७ दिन भन्दा बढी अवधिको लागि |
|---|---|---|---|
| क.) | रमाइलो मेला | रु.१५,०००।- | रु.५०,०००।- |
| ख.) | मिनि रमाइलो मेला | रु.९,०००।- | रु.२५,०००।- |
| ग.) | सिनेमा हल सञ्चालन | रु.५,०००।- (बार्षिक एकमुष्ट) | |
| घ.) | हाइ भिजन सिनेमा हल सञ्चालन | रु.३,०००।- (बार्षिक एकमुष्ट) | |

**नोट :** यसको लागि सिफारिश लिनु परेमा सिफारिश दस्तुर रु.५००।- अलग्गै लाग्नेछ ।

## अनुसूची - ९

## आर्थिक वर्ष २०७४/०७५ को लागि बहाल विटौरी करको विवरण

आ.व.२०७४।७५ को लागि साविक मधुवन गा.वि.स.को सुपरमार्केट कोठा भाडा, गुम्ती, छाप्रो सहितको कर विवरण

| क्र.सं. | **विवरण** | **प्रति कोठा मासिक दर** | **क्र.सं.** | **विवरण** | **प्रति पसल करको दर** |
|---|---|---|---|---|---|
| १ | पश्चिम पट्टीको पक्की सुपर मार्केट कोठा संख्या ४ (चार) | ६००।०० | ५ | टिनको छानो र पक्की वाल भएको कोठा संख्या ४ (चार) | ३००।०० |
| २ | पूर्व पट्टीको पक्की सुपर मार्केट कोठा संख्या ४ (चार) | ५००।०० | ६ | गुम्ती ठुलो प्रति महिना | १००।०० |
| ३ | पश्चिम पट्टीको पक्की सानो सुपर मार्केट कोठा संख्या ५ ( पांच) | ५००।०० | ७ | गुम्ती सानो प्रति महिना | ७५।०० |
| ४ | पूर्व पट्टीको पक्की सानो सुपर मार्केट कोठा संख्या ५ (पांच) | ४००।०० | ८ | छाप्रो भएको टहरो सानो र ठुलो गरी | १००।००<br>१५०।०० |

आ.व.२०७४।७५ को लागि साविक भरौल गा.वि.स.को टहराको बहाल बिटौरी करको दर विवरण

| **क्र.सं.** | **विवरण** | **प्रति कोठा मासिक दर** | **कैफियत** |
|---|---|---|---|
| १ | वडा नं. ५ को कार्यालय सँगै रहेको टहरा कोठा संख्या २ (दुई)<br>क) सानो कोठा<br>ख) ठूलो कोठा | <br><br>३०००।००<br>४०००।०० | हाल टहरा पूरानो भई मर्मत सम्भार वा नयां निर्माण गर्नूपर्ने । |

## अनुसूची - १०

## आर्थिक वर्ष २०७४/०७५ को लागि पार्किङ शुल्कको विवरण

| क्र.सं. | विवरण | प्रतिदिन दर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी, हेभी गाडी, ट्र्याक्टर, जीप, कार, मिनिबस, मिनिट्रक । | रु २०।- | |

## अनुसूची - ११

## आर्थिक वर्ष २०७४/०७५ को लागि ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क विवरण

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | यस सम्बन्धमा पर्याप्त अध्ययन र छलफल गरी आगामी सभामा पेश गरी निर्णय गरिने । | | |
| २ | न्याफ्टीङ्ग | १०,०००।- | न्याफ्टीङ पोर्ट निर्माण अनुमति दस्तुर । |

## अनुसूची - १२

## आर्थिक वर्ष २०७४/०७५ को लागि सेवा शुल्क विवरण

यस न.पा.भन्दा बाहिरका ठेगानामा दर्ता भएका विभिन्न सामानहरु ढुवानी गर्ने सवारी साधनहरु यस न.पा.क्षेत्र भित्र प्रवेश गर्दा प्रति ट्रिप निम्न अनुसारको सेवा शुल्क लिने निर्णय गरियो :-

अ.) प्रति ट्रक, बस रु. ५०।- (रु.पचास मात्र)

आ.) प्रति मिनी ट्रक, मिनी बस रु. ३०।- (रु.तीस मात्र)

इ.) प्रति ट्र्याक्टर, ट्याक्सी रु. २५।- (रु.पचिस मात्र)

ई.) प्रति ट्याम्पो, सिटी सफारी, गोरुगाडा रु.१०।- (दस मात्र)

उ.) यस न.पा.क्षेत्र भित्र प्रवेश गर्ने जिप, मारुती भ्यान, ल्याण्डरोभर लगायतका निजी तथा भाडाका सवारी साधनलाई (सरकारी प्रयोगका बाहेक) प्रति पटक रु.१५।- (रु.पन्ध्र)

## आर्थिक वर्ष २०७४/०७५ को लागि दस्तुर विवरण

यस शिर्षक अन्तर्गत निम्न अनुसार दस्तुर लिने निर्णय गरियो :-

अ.) निवेदन दस्तुर रु. १०।- (रु.दस मात्र)

आ.) प्रतिलिपी तथा नक्कल दस्तुर प्रति पाना रु. ५।- (रु.पांच मात्र)

इ.) घरजग्गा सिफारिश मुल्यांकन, मासीक वा बार्षिक आय प्रमाणीत गर्दा प्रति लाख रु.१००।- र अध्ययनका लागि विदेश जान मुल्यांकन सिफारिश वा मासिक बार्षिक आय प्रमाणीत गर्दा (अंग्रेजी वा नेपालीमा) प्रति लाख रु.५०।- का दरले लिने ।

ई.) उद्योग वा कल कारखानाको लागि सिफारिश गर्दा प्रति सिफारिश साना उद्योगका लागि रु.१,०००।-, मझौला उद्योगका लागि रु.३,०००।- र ठुला उद्योगका लागि रु.५,०००।- सिफारिश दस्तुर लिने ।

उ.) घरजग्गाको चार किल्ला प्रमाणित गर्दा प्रति कठ्ठा रु.५०।- का दरले दस्तुर लिने । एक कठ्ठाभन्दा कम जग्गा भएमा रु.५०।- नै लिने ।

ऊ.) नागरिकता प्रमाण पत्र वा ना.प्र.प्रतिलिपीको लागि सिफारिश गर्दा प्रति सिफारिश रु.१००।- लिने ।

ए.) स्थायी, अस्थायी बसोवास, नाम संशोधन, ठेगाना, थर, ना.प्र.प्र.संशोधन, जग्गा छुट्याउन अमिनको लागि, विद्युत जडानको लागि सिफारिश गर्दा प्रति सिफारिश रु.१५०।-

ऐ.) नाता प्रमाणित, घर कायम, फोटो टांस, जग्गा धनी प्रमाण पूर्जाको सिफारिश, घरेलु उद्योग सिफारिश, बैदेशिक रोजगारको सिफारिश, ऐलानी जग्गामा विद्युत मिटर सिफारिश, न.पा.मा उजुरी वा मिलापत्र गर्दा प्रति सिफारिश रु.१५०।- (रु.एक सय पचास मात्र ।)

ओ.) घरजग्गा नामसारी वा सर्जमिन मुचुल्का गरी गरीने सिफारिशमा प्रति सिफारिश रु.५००।-(रु.पांच सय मात्र ।)

औ.) ट्रयाक्टर वा थ्रेसर खरिद गर्ने सिफारिश गर्दा प्रति सिफारिश रु.५००।- (पांच सय)

अं.) मोही नामसारी वा मोही लगत कट्टा गर्ने सिफारिश गर्दा निम्न बमोजिम सिफारिश दस्तुर लिनेः

क.) ५ कठ्ठा सम्मको लागि सिफारिश गर्दा प्रति कठ्ठा रु.१००।-

ख.) १० कठ्ठासम्मको लागि सिफारिश गर्दा रु.१,०००।-

ग.) १० कठ्ठा देखि १ बिगाहासम्मको लागि सिफारिश गर्दा रु.२,०००।-

घ.) १ बिगाहा भन्दा बढी बढी भएमा सिफारिश गर्दा रु.२,५००।-

अ:.) जग्गा बेचबिखन र घरबाटो भए नभएको सिफारिश गर्दा निम्न बमोजिम सिफारिश दस्तुर लिने :

क.) भरौल मुख्य बजार एरिया, चतरा मुख्य बजार एरिया, चक्रघट्टी मुख्य बजार एरिया, प्रकाशपुर मुख्य बजार, एरिया र मधुवन मुख्य बजार एरियाको सडकसंग जोडिएको जग्गा सिफारिशमा प्रति कठ्ठा रु.६००।-

ख.) माथी उल्लेखित बाहेकको जग्गा सिफारिशमा निम्न अनुसार सिफारिश दस्तुर लिने :-

अ.) १० धुर सम्म बाटो नभएकोलाई रु.१५०।-

आ.) १० धुर सम्म बाटो भएकोलाई रु.२५०।-

इ.) १० धुर देखि १ कठ्ठासम्म बाटो नभएकोलाई रु.२५०।-

ई.) १० धुर देखि १ कठ्ठासम्म बाटो भएकोलाई रु.३५०।-

उ.) १ कठ्ठा देखि २ कठ्ठासम्म बाटो नभएकोलाई रु.३५०।-

ऊ.) १ कठ्ठा देखि २ कठ्ठासम्म बाटो भएकोलाई रु.४५०।-

ए.) २ कठ्ठा देखि ३ कठ्ठासम्म बाटो नभएकोलाई रु.४५०।-

ऐ.) २ कठ्ठा देखि ३ कठ्ठासम्म बाटो भएकोलाई रु.५५०।-

ओ.) ३ कठ्ठा देखि ५ कठ्ठासम्म बाटो नभएकोलाई रु.५५०।-

औ.) ३ कठ्ठा देखि ५ कठ्ठासम्म बाटो भएकोलाई रु.७५०।-

अं.) ५ कठ्ठा देखि १० कठ्ठासम्म बाटो नभएकोलाई रु.६५०।-

अ:.) ५ कठ्ठा देखि १० कठ्ठासम्म बाटो नभएकोलाई रु.८५०।-

अअ.) १० कठ्ठा देखि १ बिघासम्म बाटो नभएकोलाई रु.१,०००।-

अआ.) ५ कठ्ठा देखि १० कठ्ठासम्म बाटो भएकोलाई रु.२,०००।-

अइ.) १ बिघादेखि माथी बढी जतिसुकै बाटो नभएकोलाई  रु.१,५००।-

अई.) १ बिघादेखि माथी बढी जतिसुकै बाटो भएकोलाई  रु.३,०००।-

ग.) १ बिगाहा भन्दा बढी बढी भएमा प्रति बिगाहा रु.१,०००।- लाग्नेछ ।

घ.) घर नक्सा प्रमाणित गर्दा प्रति स्क्वायर फिट रु.३।- का दरले दस्तुर लाग्नेछ ।

ङ.) घर कायम सिफारिश गर्दा प्रतिलाख रु. १००।- का दरले दस्तुर लाग्नेछ ।

नोट :- २ वटा नक्सा आएमा २ वटा सिफारिश बराबर रकम दस्तुर लाग्नेछ ।

## अनुसूची - १३

## आर्थिक वर्ष २०७४/०७५ को लागि पर्यटन शुल्क विवरण

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| | | | प्रदेश कानुनद्वारा निर्धारण भए बमोजिम हुने । |

# अनुसूची - १४

## आर्थिक वर्ष २०७४/०७५ को लागि अन्य विविध कर दस्तुर विवरण

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | कन्सुलर प्रमाणिकरण प्रति कागजात | रु. १५०।- | |
| २ | पञ्जिकरण दस्तुर (जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई दर्ता, सम्बन्ध बिच्छेद, बिवाह दर्ता) | रु.५०।- | ३५ दिनभित्र आएमा नलाग्ने, म्याद नाघी आएकोमा मात्र लाग्ने । |
| ३ | एफ.एम. रेडियो सञ्चालन अनुमति शुल्क<br>क) शुरु अनुमति पत्र<br>ख) बार्षिक नविकरण<br>ग) इजाजत पत्रको प्रतिलिपी | <br>रु.६०००।-<br>रु.१५००।-<br>रु.१०००।- | नगरपालिका स्थापना वा यो ऐन जारी हुँदाका बखत सञ्चालनमा रहेका एफ.एम. सेवा प्रदायकले बार्षिक नविकरण शुल्क मात्र बुझाउनु पर्नेछ । |
| ४ | सहकारी संस्था दर्ता शुल्क<br>क) बचत तथा ऋण सहकारी<br>ख) अन्य सहकारी | <br>रु.१,५००।-<br>रु.१,०००।- | |
| ५ | ई-रिक्सा दर्ता तथा अनुमति शुल्क<br>क) शुरु सवारी दर्ता<br>ख) नविकरण | <br>रु.५,०००।-<br>रु.१,५००।- | नगरपालिका स्थापना वा यो ऐन जारी हुँदाका बखत सञ्चालनमा रहेका ई-रिक्साको हकमा बार्षिक नविकरण शुल्क मात्र बुझाउनु पर्नेछ । |
| ६ | अन्य | | उल्लेखित शिर्षक बाहेकका अन्य शिर्षकमा कर लगाउनु परेमा राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरे अनुसार लागु हुने । |